जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ११३ २०८२ साल मंसिर १५ गते सोमबार (1 Dec 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : एचआइभी रोकथामका लागि… ३ पृष्ठमा : आफन्त र नाताबाटै महिलाहरू … ३ पृष्ठमा :श्रीलंकामा बाढीको…

# ट्रेड युनियनलाई बलियो बनाउन नयाँ योजनाका साथ अघि बढ्न सुझाव



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

नेपाल ट्रेड युनियन काँग्रेसका वर्तमान एवं पूर्व केन्द्रिय पदाधिकारीहरुलाई नयाँ योजनाका साथ संगठनको काम कारवाहीलाई अघि बढाउनु पर्ने सुझाव दिइएको छ।

आईतवार राजविराजमा ट्रेड युनियक काँग्रेस सप्तरीका अगुवाहरुसँगको छलफल कार्यक्रममा केन्द्रीय कार्यालयका वर्तमान एवं पूर्व पदाधीकारीहरुलाई यस्तो सुझाव दिइएको हो।

छलफल कार्यक्रममा नेपाल ट्रेड युनियन काँग्रेसका महासचिव अजय राईले त्यस्ता सुझावहरुलाई आत्मसाथ गर्दै परिर्वतीत अवस्थामा संगठनलाई सुदृढ बनाउन नयाँ ढंगले अघि बढ्ने प्रतिबद्धताका साथ एक जुटभई अघि बढ्नु पर्नेमा जोड दिए।

काँग्रेस कमजोर भए ट्रेड युनियन पनि कमजोर हुने तर्क प्रस्तुत गरेका उनले नविन सोच र एकता बद्ध भई अघि बढ्न सके पार्टी र संगठन दुबै मजबुत हुने बताए।

नेपाल ट्रेड युनियन काँग्रेसका निवर्तमान अध्यक्ष पुष्कर आर्चायले संगठनमा आबद्ध पेशाकर्मीको उत्थानका लागी जिल्ला नेतृत्वले विशेष कार्यक्रमहरु संचालनमा ल्याउनु पर्ने आवश्यक्ता औल्याउदै यस कार्यमा केन्द्रले समेत सहयोग गर्ने प्रतिबद्धता जनाए।

केन्द्रीय नेतासंग आशिर्वाद लिने र जिल्लामा नेता बन्ने प्रवृति मौलाउदै गएको भन्दै उनले सो प्रवृति त्यागेर स्थानीयस्तर मै जनसरकोकारका मुद्धामा केन्द्रीत भई काम गर्न सुझाव समेत दिए।

उनले मुलुकमा सुशासन कायम हुनु पर्ने र भ्रष्टाचार अन्त्य हुनु पर्ने माग सबभन्दा पहिले ट्रेड युनियन काँग्रेसले नै उठाएको दाबीका साथ अहिले आएर सो मुद्दा जेनजी समुहले "हाइज्याक गरेको" जिकीर पनि गरे।

नेपाल ट्रेडयुनियन काँग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डलको अध्यक्षतामा आयोजित छलफल कार्यक्रममा नेपाल ट्रेडयुनियन काँग्रेस केन्द्रिय समितीका सल्लाहकार भोगेन्द्र झा, नेपाल कार्ग्रेस सप्तरीका सचिव सनत मण्डल, ट्रेड युनियकर्मी उमेश मिश्र, कुल बहादुर आलेमगर, प्रेस युनियनका प्रदेश सचिव मनोज माझी, प्रेस युनियनका जिल्ला उपाध्यक्ष नविन गुप्ता, सचिव रामानन्द देव, प्रेस युनियन सप्तरीका पुर्व सभापती ओम प्रकाश साह, नेविसंघ सप्तरीका सभापती राकेश ठाकुर लगायतले ट्रेड युनियन काँग्रेसलाइ बलियो बनाउन संगठन विस्तार तथा सुदृढिकरणका लागी विभिन्न गतिविधीलाई गति प्रदान गर्न सुझाएका थिए।

# औषधी ऐन खारेजीका माग गर्दै औषधी ब्यवसायी आन्दोलित




**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

औषधी ऐन २०३५ को दफा ११ उपदफा ५ को खारेजीका मागँ गर्दै सप्तरीका औषधी ब्यवसायी आन्दोलित भएका छन ।

उक्त ऐनले आफुहरुको व्यवसायमा प्रतिकुल असर पार्ने भन्दै औषधी ब्यवसायीहरु ऐन खोरजीको माँग गर्दै आन्दोलनमा उत्रेका हुन ।

आईतवार नेपाल औषधी व्यवसायी संघ सप्तरीको अगुवाईमा गठित संर्घष समितीले राजविराजमा प्रर्दशन गर्नूका साथै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन ।

हातमा कालो पट्टी बाँधेर गरिएको प्रर्दशन पश्चात जिल्ला प्रशासन कार्यालय पुगेको औषधी व्यवसायीको टोलीले प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई ज्ञापन पत्र बुझाउदै सरकारको ध्यानाकर्षण समेत गराएका छन ।

ज्ञापन पत्रमा २०८२ साउन १४ गते नेपाल राजपत्रमा प्रकाशित औषधी ऐन २०३५ को दफा ११ को दफा ३ संशोधन र उपदफा ५ ले औषधी ब्यवासायी, पशुपक्षी र आयुर्वेदिक औषधी ब्यवसायी मारमा पर्ने भन्दै सोको खारेजीको माँग गरिएको छ ।

दफा ११ अनुसार तोकिएको मितिभित्र उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र तथा प्रमाणपत्र नवीकरण नगरेमा ३० दिनभित्र दोब्बर दस्तुर तिरी नवीकरण गर्न सकिने, तर उक्त अवधि पनि कटेमा प्रमाणपत्र स्वत: रद्द हुने व्यवस्था गरिएको छ ।

# सडक मर्मत सम्भार हुन नसक्दा दिनहुँजसो दुर्घटना



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

राजविराजको राजदेवी रोडस्थित शिवशंकर सिनेमा मोडमा आइतबार बिहान चार जना यात्रु बोकेको सिटि रिक्सा पल्टिएको छ ।

दुर्घटनामा चालक सुनिल दाससहित सबै यात्रु घाइते भएका छन् । सामान्य चोट पटक लागेका उनीहरु उपचारपछी घर फर्किएको गजेन्द्र नारायण सिंह अस्पतालले जनाएको छ ।

यस मार्गमा दैनिक सयौं सवारीसाधन र पैदल यात्रु आवतजावत गर्ने गरेका छन् । तर जीर्ण सडकको मर्मत सम्भार कार्य हुन नसक्दा दिनहुँजसो दुर्घटना हुने गरेको छ ।

शिवशंकर सिनेमा चौकका वासिन्दा पशुपति दासले सडकका खाल्डाखुल्डीका कारण यस मार्गबाट हिड्ने सवारीसाधन र यात्रु ज्यान हत्केलामा राखेर नै प्रतिदिन आवतजावत गर्न बाध्य भएको बताए । उक्त मार्गमा दैनिक सवारीसाधन दुर्घटना हुने गरेको भन्दै स्थानियवासीले यसबारे सम्बन्धीत निकायमा पटक पटक ध्यानाकर्षण गराउँदा पनि सडक स्तरोन्ती कार्यमा चासो नदेखाएको गुनासो पोखेका छन् ।

सडकमा परेका खाल्डाखुल्डीले सवारीसाधन आवागमनमा सकस तथा दुर्घटनाको जोखिम बढ्दै गएको भन्दै स्थानियले अविलम्ब मर्मत सम्भार कार्य सुरु गर्न सम्बन्धीत निकायसँग माग गरेका छन् ।

# सात वर्षीया बालिका बलात्कारको आरोपमा ६७ वर्षीय वृद्ध पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, १४ मंसिर ।**

धनुषामा सात वर्षीया बालिकामाथि बलात्कार गरेको आरोपमा एक ६७ वर्षीय वृद्ध पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएअनुसार बालिका बलात्कार आरोपमा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगर बस्ने ६७ वर्षीय रामभगत साहलाई पक्राउ गरिएको हो ।

आरोपी साहले शनिबार बालिकालाई एक्लै भएको मौका

***बाँकी अन्तिम पृष्ठमा***

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं।**

- ❖कृपियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- ❖स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- ❖कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- ❖आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- ❖आधुनिक प्रविधि र सिंचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- ❖कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- ❖कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
- ❖कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- ❖युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- ❖कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्य संस्था संवेदनशिल बन

स्वास्थ्य संस्थाहरुमा लापरवाहीका कारण बिरामीको ज्यान जाने गरेको घटनाहरु बारम्बार बाहिरिने गरेको छ । बिरामी उपचारका लागि त्यहा जाने गर्छन् । तर, उपचारको साटो ज्यानैसम्म जाने गरेको घटनाले स्वास्थ्य संस्थाको लापरवाहीलाई दर्शाउछ । कतै कर्मचारी र चिकित्सकको अभाव त कतै उपकरणको अभाव रहदै आएकोले हाल बिजोक छ । कर्मचारी र चिकित्सक भएका संस्थामा समयमा नआउनाले बिरामीले सास्ती भोग्नु परिरहेको छ । जसकारण बिरामीहरुको उपचारमा समयमा हुन सकिरहेको छैन् ।

त्यस्तै सरकारले निशुल्क दिइने भनिएका औषधीहरु समेत ती संस्थाहरुमा नहुनुले बिरामीहरु बाध्य भई त्यस्ता औषधी बजारबाट खरीद गर्ने गरेका छन् । यसकारण सरकारी स्वास्थ्य संस्थाहरु स्थानिय स्तरमा गैरजिम्मेवार बन्दै गएको छ । विगतमा जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा संचालन हुने गरेका स्वास्थ्य संस्थाहरु अहिले स्थानिय तहको मातहतमा संचालन हुँदै आएपछि झनै हेलचक्राई हुँदै गएको छ । स्थानिय तहमा गभिएसँगै स्वास्थ्य संस्थाहरु गैरजिम्मेवार पनि भएका छन् ।

सरकारी निर्देशन र अपीललाई समेत वेवास्ता गर्दै स्वास्थ्य संस्थाले आफ्नो मनोमानी गरेको पाइएको छ । तसर्थ स्वास्थ्य जस्तो संवेदनशिल संस्थामाथी सम्बन्धीत निकायले निगरानी बढाउनुका साथै सम्बन्धीत कार्यालयले निगरानी बढाएर सुधारको बाटोतर्फ उन्मुख गराउनेतर्फ ध्यान पुगोस् ।

# एचआइभी रोकथामका लागि रुपान्तरणकारी रणनीति

**फनिन्द्र भण्डारी**

काठमाडौं, १४ मङसिर (रासस) । प्रत्येक वर्ष डिसेम्बर १ मा विश्व एड्स दिवस मनाइन्छ । यो दिवसले एचआइभी/एड्सका बारेमा जनचेतना बढाउने मात्र होइन, धेरै प्रभावित व्यक्ति, परिवार र समुदायहरूलाई कसरी रोकथाम, उपचार र सहयोग सुनिश्चित गर्ने भन्ने महत्वपूर्ण सवालमा सरोकारवालाहरुको ध्यानाकर्षण पनि गर्छ ।

एड्सबाट मृत्यु भएका व्यक्तिहरुको सम्झना गर्ने दिन पनि हो । यो वर्षको नाराले सङ्क्रमितको आवाजलाई सम्बोधन गर्दै एड्सको रोकथामका प्रयासलाई रुपान्तरण गर्ने अभियानलाई विशेष जोड दिएको छ ।

एचआइभीको प्रकोप अझै सकिएको छैन । धेरै व्यक्ति, परिवार र समुदायहरु अझै पनि एचआइभी सङ्क्रमणको जोखिममा छन् । युएनएड्सको प्रतिवेदनअनुसार सन् २०२४ को अन्त्यसम्म करिब नौ मिलियन एचआइभी सङ्क्रमितहरुले उपचार पाएका छैनन् । सन् २०२४ मा १.३ मिलियन व्यक्तिहरू सङ्क्रमित भएका थिए । राष्ट्रिय एड्स, तथा यौनरोग केन्द्रका अनुसार २०२४ को अन्त्य ३४ हजार ३३७ जना एचआइभी सङ्क्रमित भएको अनुमान रहेको छ, जसमध्ये ७७ प्रतिशतले उपचार पाएका छन् । देशका ६४ जिल्लामा ९६ एआरटी केन्द्रबाट एन्टी रेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध छ । सन् २०२४ मा मात्रै ५६९ व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ । यो सन् २०१० को तुलनामा ८६ प्रतिशतले घटेको हो ।

**समन्वयात्मक प्रयासको खाँचो**

नेपालको एचआइभी अवस्था केन्द्रीकृत महामारी हो । उच्च जोखिममा रहेका समूहहरू जस्तै लागुपदार्थको प्रयोग गर्ने यौनकर्मी, पुरुष समलिङ्गी, तथा तेस्रोलिङ्गी यौनकर्मीमा एचआइभी सङ्क्रमण बढी छ । अहिलेसम्मको तथ्याङ्क हेर्दा लागुपदार्थ प्रयोग गर्नेमा ३ प्रतिशत, महिला यौनकर्मीमा २.२ प्रतिशत पुरुष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा काम गर्न जाने नेपाली कामदारमा ०.२ प्रतिशत रहेको छ ।

सरकारले सन् २०३० मा एड्सको महामारीलाई अन्त्य गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको छ । अन्य मुलुकहरुमा जस्तैः नेपालले पनि एचआइभी नियन्त्रणका लागि महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । यसका लागि नीति, रणनीति र निर्देशिकाहरुको कार्यान्वयनले पनि यी उपलब्धिहरू हासिल भएका हुन् तर यी उपलब्धिलाई निरन्तरता दिन नेपालले पनि दिगो मार्गचित्रको संरचनात्मक खाका तयार गर्नुपर्ने देखिन्छ तर यसका लागि अझै पनि समन्वयात्मक प्रयास भएको छैन ।

अतिकम विकसित देशमा एचआइभी रेस्पोन्स अझै पनि जोखिममा छ किनकी उच्च जोखिममा परेका समूहहरूमा रोकथाम, परीक्षण, उपचार र आधारभूत स्वास्थ्य सेवाहरु पर्याप्त छैनन् । समुदायकै नेतृत्वमा सञ्चालित एचआइभी सेवा पनि अन्तरराष्ट्रिय रूपमै बजेट कटौतीका कारण रोकिने अवस्थामा छन् । यसले गर्दा स्वास्थ्य सेवामा पहुँच, मानवअधिकार, लैङ्गिक समानता, समावेशीता, समता, सामाजिक न्यायजस्ता सवालहरु ओझेलमा पर्दैछन् । अनि सीमान्तकृत र प्रभावित समूहहरु थप बञ्चितीकरणमा पर्ने जोखिम बढ्छ ।

एचआइभी रेस्पोन्सका लागि बाह्य दातृ निकायमा निर्भर रहने परम्पराले पनि यतिछिट्टै उल्लेख्य बजेट कटौती भएपछि एचआइभी कार्यक्रमहरुको निरन्तरता र दिगोपनमा थप सङ्कट र चुनौती थपिएको छ । यो परिस्थितिको सामना गर्न राज्यले आन्तरिक बजेट बढाउनुपर्ने, एचआइभी कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुसँग साझेदारी बढाउने र स्थानीय नागरिक समाज एवं उच्च जोखिममा परेका समूहहरुको क्षमता अभिवृद्धिलाई संस्थागत गर्नुपर्ने देखिन्छ । यसका लागि एचआइभी सेवालाई समावेशी, एकीकृत र जनकेन्द्रित स्वास्थ्यको मोडेलमा रुपान्तरण गर्न जरुरी छ ।

दिगो रोकथामका लागि स्वास्थ्यबाहेकका अन्य शिक्षा, सहरी विकास, श्रम तथा रोजगार. बालबालिका, महिला, सामाजिक संरक्षणलगायत क्षेत्रमा समन्वय र सहकार्य बढाउनुपर्ने देखिन्छ । बहुक्षेत्रीय समन्वयले नै एचआइभी रोकथामको माग र सेवाको कभरेज बढाउन उल्लेख्य सहयोग गर्छ । केही क्षेत्रीय र अन्तरराष्ट्रियस्तरबाट प्राप्त अनुभव र सिकाइबाट स्थापित भएका रोकथाम, परीक्षण र उपचारका नयाँ प्रविधि र अभ्यासहरुलाई पनि कार्यान्वयन गर्नुपर्ने देखिन्छ । दक्षिण पूर्वी एशियाका देशहरु जस्तैः थाइल्याण्ड, कम्बोडियाका एचआइभी रेस्पोन्सका कार्यक्रम सफल मानिन्छन् । ती अभ्यासहरुलाई नेपालले पनि अनुसरण गर्न सक्छ तर यी नयाँ प्रयासहरु पर्याप्त जनशक्ति र प्राविधिक क्षमताको अभावले गर्दा अपेक्षा गरेअनुरुप स्थानीय तहमा प्रभावकारी रुपमा विस्तार हुन सकेका छैनन् ।

एचआइभी सङ्क्रमित व्यक्तिलाई उपचार सेवामा पहुँच बढाउन प्रदेश र स्थानीय स्तरमा परीक्षण, परामर्श र प्रेषण सेवालाई उच्च प्राथमिकतामा राखिएको छ । एचआइभी एड्सकाबारेमा जनचेतना बढे पनि दुर्गम क्षेत्रमा सङ्क्रमित व्यक्ति र उनीहरूको परिवारले स्थानीय संस्थाहरुमा पाउनुपर्ने गुणात्मक उपचार, परामर्श सेवा र सहयोग उपलब्ध छैनन् । कतिपय स्वास्थ्य संस्थामा तालिम प्राप्त जनशक्ति, औषधि र प्रयोगशालाको अभावले गर्दा एचआइभी सेवाहरु प्रभावित भएका छन् । एचआइभी सेवाको प्रवाहमा असमानतामा घटाउँदै समुदाय र स्वास्थ्य प्रणालीलाई अझ बढी समावेशी, उत्थानशील र दिगो बनाउने दिशामा नयाँ राष्ट्रिय एचआइभी रणनीतिले स्पष्ट मार्गचित्र दिने अपेक्षा गरिएको छ ।

त्यसैले एचआइभी रोकथामका लागि उच्च राजनीतिक प्रतिबद्धता, स्पष्ट राष्ट्रिय कार्ययोजना र आवश्यक प्राविधिक स्रोत सुनिश्चित गर्न आवश्यक छ ।

**थपिँदो चुनौती**

पहिलेदेखि नै राष्ट्रिय एचआइभी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गर्न अन्तरराष्ट्रिय साझेदार संस्थाले प्राविधिक सहयोगमा निरन्तरता दिँदै आएका थिए । यो सहयोगले एचआइभी सेवामा जोखिम समूहको पहुँच बढाउन उल्लेख्य सहयोग पुगेको देखिन्छ । तर अहिलेका सन्दर्भमा अन्तरराष्ट्रियस्तरमै बजेट कटौतीले गर्दा दातृ निकायको आर्थिक र प्राविधिक सहयोग उल्लेख्य रुपमा घटेको छ । यो चिन्ताको विषय हो किनकी एचआइभीका सेवालाई कसरी निरन्तरता दिने भन्ने विषय अहिले मुख्य सवाल बनेको छ । यो परिवेशमा राष्ट्रिय र स्थानीयस्तरमा नागरिक समाजका सञ्जालमार्फत सञ्चालित एचआइभी रोकथाम र उपचार सेवा अझ बढी परिणाममुखी बनाउन उनीहरूको सहभागिता र क्षमता अभिवृद्धि सुनिश्चित गर्न जरुरी देखिन्छ ।

अर्कोतिर उच्च जोखिममा रहेका समूहहरुको यौनरोग, एचआइभी रोकथाम र उपचार सेवामा सहज पहुँचका लागि सूचना, सञ्चार र परामर्श सेवालाई विस्तार गर्न जरुरी छ । उनीहरूको सुरक्षित जीवनशैलीका लागि व्यवहार परिवर्तनमा जोड दिने कार्यक्रम बढी प्रभावकारी भएका छन् । समुदायस्तरमा उपलब्ध एचआइभी रोकथाम र उपचार सेवाको नतिजामूलक अनुगमन र सहभागितामूलक मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै तथ्यमा आधारित रोकथामका रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ ।

यीबाहेक उपलब्ध स्रोतको पारदर्शिता, समतामूलक वितरण र परिचालनमा थप सुधार गर्नुपर्छ । गुणात्मक एकीकृत एचआइभी सेवाको निरन्तरता सुनिश्चित गर्न आन्तरिक स्रोत परिचालन पर्याप्त रुपमा बढाउन सकिएको छैन । त्यसैले एचआइभी कार्यक्रमको बजेट तर्जुमा र योजना प्रक्रियामा प्रादेशिक र स्थानीय सरकारको क्षमता बढाउँदै सार्वजनिक-निजी साझेदारीको अवधारणालाई प्रवर्द्धन गर्नुपर्छ । यसले राष्ट्रिय अपनत्व पनि बढाउँछ ।

**बहुक्षेत्रीय समन्वय र सहकार्य**

राष्ट्रिय एचआइभी रणनीतिका आधारमा प्रदेश र स्थानीय तहमा बृहत् कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन लागि स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, राष्ट्रिय समन्वय संयन्त्र, ग्लोबल फण्ड, विश्वस्वास्थ्य सङ्गठनलगायत अन्य दातृ निकायसँग समन्वय र सहकार्य अझै सुदृढ बनाउनुपर्ने देखिन्छ । एचआइभी सङ्क्रमित बालबालिकाका लागि आवश्यकपर्ने शिक्षा स्वास्थ्य र पोषणका लागि सामाजिक संरक्षणका कार्यक्रम अझै पनि सीमित छन् । प्रदेश र स्थानीय सरकारले एचआइभी रोकथामका प्रमुख सवाललाई सम्बोधन गर्दै आवश्यक स्रोत परिचालनका लागि बलियो राजनीतिक नेतृत्व, प्रतिबद्धता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ ।

एचआइभी/एड्स जनस्वास्थ्यको मात्र सवाल होइन, यो दिगो मानवीय विकास दिगो विकाससँग जोडिएको महत्वपूर्ण चुनौती हो । त्यसैले यसको समाधानका लागि सबैको जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ । स्रोतको अभावले प्रभावित व्यक्ति, परिवार र समुदायले थप सङ्कट भोग्नुपर्ने अवस्था हुनु विडम्बना हो । तसर्थ राज्यले बनाउने एचआइभी/एचआइभी रणनीतिले बलियो राजनीतिक प्रतिबद्धतासहित समावेशी र जनकेन्द्रित पद्धतिलाई प्रवर्द्धन गर्दै स्पष्ट कार्ययोजना बनाउनुपर्ने देखिन्छ । एचआइभीसँग जोडिएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र संरचनागत असमानता न्यूनीकरण गर्न समुदायको अर्थपूर्ण सहभागिता सुदृढ गर्दै अधिकारमा आधारित बहुक्षेत्रीय समन्वय र सहकार्य अपरिहार्य छ । (लेखक जनस्वास्थ्य परामर्शदाताका रुपमा कम्बोडिया र लाओसमा कार्यरत हुनुहुन्छ)


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# ७७ प्रतिशत एचआइभी संक्रमित मात्रै उपचारको दायरामा

काठमाडौं, १४ मङसिर (रासस) । पछिल्लो एक तथ्याङ्कले नेपालमा अनुमानित कूल एचआइभी सङ्क्रमितमध्ये ७७ प्रतिशत मात्र एन्टिरेट्रोभाइरल (एआरभी) उपचारमा रहेको देखाएको छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हरेक दिन एक दशमलव सात जना व्यक्तिमा एचआइभी सङ्क्रमण पुष्टि भएको छ ।

यसैगरी, सन् २०२४ को अन्त्यसम्म नेपालमा ३४ हजार ३३७ व्यक्तिमा एचआइभी सङ्क्रमण भएको अनुमान छ । वयस्क जनसङ्ख्यामा शून्य दशमलव १३ प्रतिशत सङ्क्रमण(प्रिभ्यालेन्स दर) रहेको छ ।

केन्द्रले सार्वजनिक गरेको 'एचआइभी फ्याक्ट सिट २०२५'का अनुसार सन् २०२४ को अन्त्यसम्ममा नेपालमा २६ हजार ३७२ सङ्क्रमितहरुले एन्टिरेट्रोभाइरल (एआरभी) उपचार लिइरहेका छन् र अनुमानित कूल एचआइभीको सङ्क्रमितमध्ये ७७ प्रतिशत एआरभी उपचाररत छन् ।

सन् २०२४ मा ६१४ व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ भने ५६९ व्यक्तिहरुको एड्सका कारणले मृत्यु भएको अनुमान गरिएको छ । सो वर्षमा ३७ बच्चामा (०-१४ वर्ष) नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ ।

नेपालमा एचआइभी सङ्क्रमणको उच्च जोखिममा रहेका समूहहरु सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मीहरु, कारागारमा रहेका कैदी बन्दीहरु, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशीनेहरु छन् ।

नेपालमा सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५:९५ अर्थात् ९५ प्रतिशत एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण अवस्थाबारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ ।

सरकारले हाल ६४ जिल्लाका ९६ एआरटी केन्द्रहरुबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क

*बाँकी तीन पृष्ठमा*

# आफन्त र नाताबाटै महिलाहरू बढी यौनजन्य हिंसामा

काठमाडौँ, १४ मङ्सिर (रासस)।

नेपाल प्रहरीको तथ्याङ्कले आफन्त र नाता पर्नेहरूबाटै महिला बढी हिंसामा पर्ने गरेका देखिएको छ। प्रहरी प्रधान कार्यालयले महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा आइतबार वार्षिक तथ्यपत्र सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभागकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले ९१ प्रतिशत यौनजन्य हिंसा आफन्त र नातेदारबाटै भएको पाइएको तथ्यपत्रबारे प्रस्तुतीकरण दिनुभयो। उहाँले घरेलु हिंसाको दर पनि अत्याधिक रहेकाले आफैँ र घरपरिवारबाट सुधार हुन जरुरी रहेकामा जोड दिनुभयो।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयद्वारा आइतबार प्रधान कार्यालय नक्सालमा आयोजित कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले हिंसाका घटना बढ्नुका साथै अझै उजुरी दिने क्रम पनि बढेको बताउनुभयो।

पहिले महिलाहरू हिंसा लुकाएर राख्ने गरेकामा विस्तारै खुल्दै गएकाले पनि हिंसाका उजुरी बढिरहेको उहाँले उल्लेख गर्नुभयो। यो तथ्याङ्कले अझै पनि सामूहिक प्रयासमार्फत हिंसा न्यूनीकरणमा लाग्न हामी सबै एकजुट हुनुपर्छ भन्ने देखाएको उहाँको भनाइ छ।

महानिरीक्षक कार्कीले अनुसन्धान र कारबाही जारी रहे पनि अपराधका घटनाको गति नरोकिएकामा चिन्ता प्रकट गर्दै त्यसतर्फ हामी सबैले प्रयास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। "पढेलेखेकै मान्छेमाथि र पढेलेखेकै मान्छेबाट हिंसाका घटना भइरहेका छन्, त्यसैले शिक्षा प्रणालीमा सभ्यताको विषयसम्बन्धी पाठ्यसामग्री राख्न जरुरी देखिएको छ, यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो।

विभागकी प्रहरी उपरीक्षक खड्काले सूचना प्रविधिको विकाससँगै हिंसाका घटनामा बढोत्तरी भएको उल्लेख गर्दै यसलाई रोक्न प्रहरी एक्लैले नसक्ने धारणा राख्नुभयो। आर्थिक समस्या र परनिर्भरताका कारण अझै पनि महिला प्रहरीमा उजुरी दिन डराइरहेकोतर्फ सबै सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रहरी उपरीक्षक खड्काले हिंसा रोक्न र भइहाले न्याय दिलाउन समाज, व्यक्ति, राजनीतिक दल, सरोकार भएका निकायलगायत सङ्घसंस्थाको सहकार्य र समन्वयको खाँचो औँल्याउनुभयो। अहिले प्रहरीले देशभरका २६० युनिटबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी सेवा प्रदान गरिरहेको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा स्वास्थ्य सेवा विभागकी उपसचिव कविता अर्यालले महिला हिंसाबाट कुनै प्रदेश र कुनै उमेर समूह अछुतो नरहेको बताउँदै नातागोताबाटै हिंसा हुनु अति चुनौतीपूर्ण विषय भएको उल्लेख गर्नुभयो। अहिले पनि २८ प्रतिशत मात्रै पीडित महिला 'हिंसा भयो' भनेर मद्दत माग्न आउने गरेका जनाउँदै उहाँले बाँकी समाजमा लुकेर रहनु डरलाग्दो विषय भएको बताउनुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मिलन भट्टराईले अभियानका रूपमा नभई हिंसारहित समाज निर्माणका लागि आवश्यक सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिँदै न्यायको पहिलो ढोका प्रहरी भएकाले प्रहरीको भूमिका बढाउनुपर्ने उल्लेख गर्नुभयो।

गृह मन्त्रालयकी उपसचिव मीना अर्यालले महिलामाथि हुने हिंसा बढिरहेका भन्दै समीक्षा गरी न्यूनीकरणमा लाग्न सबैमा आग्रह गर्नुभयो। प्रविधिले थप चुनौती थपिरहेको उल्लेख गर्दै उहाँले आवश्यक रणनीति बनाएर अघि बढ्न जरुरी रहेको बताउनुभयो।

राष्ट्रिय महिला आयोगकी रोशनीदेवी कार्कीले 'खबर गरौँ ११४५' अभियान सञ्चालन गरिएको जानकारी दिँदै हिंसाका घटनामा 'होस्टाइल' हुने समस्या विकराल रहेको उल्लेख गर्नुभयो। त्यसैले प्रभावितमैत्री सेवा दिन आवश्यक रहेको उहाँको भनाइ थियो।

***७७ प्रतिशत ...***

उपलब्ध गराउँदै आएको छ। देशका सबै जिल्लामा आमाबाट बच्चामा हुन सङ्क्रमण रोकथाम (पिएमटीसिटी) सेवा, पिएमटीसिटी कार्यक्रमा सञ्चालनमा छ जसअन्तर्गत स्वास्थ्य संस्थामा गर्भवतीमा एचआइभी निःशुल्क जाँच सुविधा छ।

विश्वमा एड्सको अवस्था सन् २०२४ को अन्त्यसम्म संसारमा चार करोड आठ लाख व्यक्तिमा एचआइभी असङ्क्रमण रहेको अनुमान छ। विश्वमा हरेक दिन तीन हजार ६०० मानिस एचआइभी सङ्क्रमित हुने गरेका छन्। यस वर्ष 'अवरोध पार गरौँ, एड्स प्रतिकार्य रुपान्तरण गरौँ' भन्ने नाराका साथ ३८औं विश्व एड्स दिवस मनाइँदैछ। हरेक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाइन्छ।

# आगलागीका घटनामा बृद्धि

काठमाडौँ, १४ मङ्सिर (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, मंसिर ११ गते बिहान १० बजेदेखि १२ गतेको बिहान १० बजेसम्म देशभर कूल १७ वटा विपदका घटना भए। विपदमा परेर कूल ४९ लाख १८ हजार पाँच सय बराबरको क्षति भयो।

कूल विपदका घटनामध्ये सबैभन्दा बढी १४ आगलागीका घटना थिए। त्यसदिन झापा जिल्लामा मात्रै चार आगलागीका घटना भएका थिए। कैलालीमा दुई तथा मोरङ, सङ्खुवासभा, रौतहट, बारा, काठमाडौँ, नवलपरासी पश्चिम, जुम्ला र कञ्चनपुरमा एक/एक आगलागीका घटना भएका थिए। चिसो बढ्दै गए पनि आगलागीका घटनामा बृद्धि भएको छ।

प्राधिकरणका अनुसार, मंसिर १० गते बिहान १० बजेदेखि ११ गतेको बिहानसम्म कूल १७ वटा विपदमा घटना भए। त्यस दिन पनि १३ वटा आगलागीका घटना भएका थिए भने सप्तरी, बर्दियामा सर्पदंश र मोरङमा दुई वटा जनावर आक्रमणका घटना भएका थिए। मोरङमा तीन, सर्पामा दुई, सिरहा, सर्लाही, ललितपुर,कास्की, बाग्लुङ,पर्वत, कपिलवस्तु र रुपन्देहीमा आगलागीका घटना भए। त्यसदिन कूल १९ लाख ९६ हजार बराबरको क्षति भयो।

प्राधिकरणका अनुसार, मङ्सिर नौ गते बिहान १० बजेदेखि १० गते बिहानसम्म कूल १३ विपदमा घटना भए। त्यसमा १० वटा आगलागीका मात्रै घटना भए। सोलुखुम्बुमा दुई ढेलो, कञ्चनपुरमा सर्पदंश र पाँचथर र ताप्लेजुङमा जनावर आक्रमणका घटना भए। मोरङ, सुनसरी, दुई, झापा, ताप्लेजुङ, कास्की, दाङ र कञ्चनपुरमा आगलागीका घटना भएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार, विपदका कारण १८ लाख ४३ हजार बराबरको क्षति भयो।

यस्तै, मङ्सिर ७ गते बिहानदेखि आठ गते बिहानसम्म कूल १८ वटा विपदका घटना भए। त्यसदिन झापामा सर्पदंश, सिन्धुपाल्चोक र हुम्लामा जनावर आक्रमणको घटना भएका थिए। सर्लाहीमा तीन, गुल्मीमा दुई तथा मोरङ, रौतहट, बारा, काठमाडौँ, कास्की, बाग्लुङ, कपिलवस्तु, बाँके र कैलालीमा एक एक आगलागीका घटना भए। त्यसदिन रु ५० लाख आठ हजार बराबरको क्षति भएको थियो।

सुख्खा मौसम शुरु भए लगत्तै देशव्यापी रुपमा आगलागीका घटनामा वृद्धि भएकाले सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ। छिट्टै आगो टिप्ने सामग्री नराख्न, ज्वलनशील पदार्थको पहुँचबाट टाढा रहन र आगजनीबाट जोगिन प्राधिकरणले सबैलाई आग्रह गरेको छ।


**Bishnupur Rural Muncipality**
**Office of Rural Municipal Executive**
**Bishnupur,Saptari**
**Madhesh Province, Nepal**

First date of Publication : 2082/08/15

**Invitation to Submit Quotation for Consultant Services**

Bishnupur Rural Municipality invites eligible and qualified consulting firms to submit selaed proposals for the consulting service titled : **"Consulting services for Preparation of updated report including measurement book, contractors bill, progress report, lab test report and verification/review of Variation Order report of Construction of Administrative Building of BRM Saptari".**

It is requested to refer Terms of Reference (ToR) for detailed information regarding the scope of work and expected deliverables.

Tor Link : https://bishnupurmunsaptari.gov.np

**Submission Deadline:** The complete proposal documents as per PPA(REVISED) and PPR(REVISED) must be submitted by 21th Mangsir, 2082 during office hours at Bishnupur Rural Municipality,Saptari. *If the last date of submission falls on a public holiday, proposals will be accepted on the next working day.*

Ujjwal Anand
Chief Administrative Officer


## विश्व समाचार

### श्रीलंकामा बाढीको प्रकोपमा १ सय ५९ जनाको मृत्यु

कोलम्बो, १४ मङ्सिर (रासस/एएफपी)।

श्रीलङ्काको राजधानी तथा देशभरिका धेरै भागमा आएको विनाशकारी बाढीका कारण मृत्यु हुनेको सङ्ख्या कम्तीमा १५९ पुगेको अधिकारीहरूले बताएका छन्।

शक्तिशाली चक्रवात दितवाहबाट सुरु भएको प्रकोपपछि अहिले पनि राजधानी कोलम्बोका केही भागमा तीव्र रूपमा पानी बढिरहेको छ। विशेषगरी केलानी नदीको सतह निरन्तर उक्लिँदा उत्तरी क्षेत्र ठूलो बाढीको चपेटामा परेको विपद् व्यवस्थापन केन्द्र (डिएमसी) ले जनाएको छ।

गत हप्ताभरि परेको अविरल वर्षासँगै शनिबार श्रीलङ्काबाट टाढा सरेको चक्रवातका कारण डिएमसीले मृतक सङ्ख्या १५९ पुगेको र २०३ जना नागरिक बेपत्ता रहेको पुष्टि गरेको छ। "चक्रवातले देश छाडे पनि माथिल्लो क्षेत्रमा परेको भीषण वर्षाले केलानी नदी किनारका तल्लो बस्तीहरू अहिले डुबानमा परेका छन्", डिएमसीका एक वरिष्ठ अधिकारीले भने।

राष्ट्रपति अनुरा कुमारा दिसानायकले चक्रवातको गम्भीर परिणामलाई मध्यनजर गर्दै शनिबार नै देशभर आपतकालिन अवस्था घोषणा गर्नुभएको छ। उहाँले अन्तर्राष्ट्रिय सहयोगका लागि अनुरोधसमेत गर्नुभएको छ। राष्ट्रपतिको अपिलपछि भारतले तुरुन्तै राहत सामग्री तथा उद्धारकार्यका लागि चालक दलसहित दुईवटा हेलिकप्टर पठाई पहिलो प्रतिक्रिया दिएको छ। जापानले पनि तत्कालीन आवश्यकताको मूल्याङ्कन गर्न आफ्नो टोली पठाउने र साथै थप सहयोग उपलब्ध गराउने वाचा गरेको छ।

यद्यपि टापुभर वर्षा केही कम भए पनि सबैभन्दा बढी प्रभावित मध्य प्रान्तका धेरै सडकहरू अहिले पनि कतै-कतै क्षतिग्रस्त अवस्थामा रहेको डिएमसीले जनाएको छ। चक्रवात र बाढीको संयुक्त प्रभावले देशभर २० हजारभन्दा बढी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने एक लाख २२ हजारभन्दा बढी नागरिक राज्यद्वारा सञ्चालित अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन्। त्यसैगरी, बाढीबाट विस्थापित भएपछि थप आठ लाख ३३ हजार मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता परेको अधिकारीहरूले बताएका छन्।

राहत तथा उद्धार कार्यलाई तीव्र बनाउन सेना, नौसेना, वायुसेना, नागरिक सुरक्षाकर्मी तथा स्वयंसेवकहरू देशका विभिन्न ठाउँमा तैनाथ गरिएको छ। बाढीका कारण देशको करिब एकतिहाइ भागमा बिजुली आपूर्ति अवरुद्ध भएको छ भने पानी शुद्धीकरण केन्द्रहरू डुबानमा परेकाले सुरक्षित पिउने पानीको अभाव बढेको छ। साथै, इन्टरनेट जडानसमेत व्यापक रूपमा अवरुद्ध भएको छ।

यो चक्रवात सन् २०१७ यताकै सबैभन्दा घातक प्राकृतिक प्रकोप बनेको अधिकारीहरूले स्मरण गराएका छन्। सन् २०१७ मा बाढी तथा भूस्खलनका कारण २०० भन्दा बढीको ज्यान गएको थियो। त्यस्तै, सन् २००३ मा आएको ऐतिहासिक बाढीमा २५४ जनाको मृत्यु भएको थियो, जुन शताब्दीको अन्त्यपछि देशले भोगेको सबैभन्दा गम्भीर बाढी मानिन्छ।

### भारतमा नरभक्षी ब्वाँसोको आतङ्क, ड्रोनमार्फत निगरानी

लखनऊ, १४ मङ्सिर (रासस/एएफपी)।

भारतको उत्तर प्रदेश राज्यका विभिन्न गाउँमा पछिल्ला हप्ताहरूमा ब्वाँसोको आक्रमणबाट नौ जनाको मृत्यु भएपछि नरभक्षी सम्भावित 'किलर वुल्फ' ट्र्याक गर्न ड्रोन तैनाथ गरिएको वन अधिकारीहरूले आइतबार बताएका छन्। मृतकमध्ये अधिकांश बालबालिका रहेकाले स्थानीय बासिन्दाहरू अत्यन्तै त्रसित बनेका छन्।

शनिबार बहराइच जिल्लामा १० महिनाकी एक बालिकालाई आमा छेउमै सुतिरहेको अवस्थाबाट ब्वाँसोले खोसेर लगेपछि खेतमा मृत फेला पारिएको अधिकारीहरूले बताए। त्यसअघि शुक्रबार पाँच वर्षीय एक बालकलाई घरको बाहिर आमासँग देखेरै ब्वाँसोले तानेर लगेको थियो। उखुको खेतमा टाउको काटिएको अवस्थामा फेला परेका ती बालकको अस्पताल पुऱ्याउने क्रममा मृत्यु भएको थियो।

अधिकारीहरूका अनुसार सेप्टेम्बरयता यस क्षेत्रका धेरै गाउँमा यस्तै ढाँचाका आक्रमणहरू दोहोरिँदै आएका छन्। प्रहरी, वन विभाग तथा मिडिया रिपोर्टहरूका अनुसार बहराइचमा पछिल्ला तीन महिनामा ब्वाँसोको आक्रमणबाट कम्तीमा नौ जनाले ज्यान गुमाइसकेका छन्, जसमा एक वृद्ध दम्पती पनि परेका छन्।

वन अधिकृत राम सिंह यादवका अनुसार घटनाहरू बढेपछि प्रभावित क्षेत्रमा ड्रोन, क्यामेरा ट्र्याप तथा प्रशिक्षित शुटरहरू तैनाथ गरिएको छ। उहाँले भन्नुभयो, "यस पटक ब्वाँसोको व्यवहार असामान्य देखिएको छ। हाल तिनीहरू दिउँसो नै सक्रिय हुँदै आएका छन्, जुन सामान्यतया देखिँदैन।" अन्य अधिकारीहरूले पनि जनावरहरू असामान्य रूपमा साहसी र निडर देखिन थालेको बताएका छन्।

गत वर्ष पनि बहराइचमा यस्तै आक्रमणको लहर देखिएको थियो, जसमा ब्वाँसोको समूहले कम्तीमा नौ जनाको ज्यान लिएको थियो। बहराइच जिल्ला नेपाल सीमा क्षेत्रमा अवस्थित घाँसे मैदान हो, जहाँबाट हिमालयको फेदीसम्म बाक्लो जङ्गल फैलिएको छ।

विज्ञहरूका अनुसार ब्वाँसोहरूले सामान्यतया मानिस वा गाईवस्तुहरूलाई भोकमरीको अवस्थामा मात्र अन्तिम विकल्पका रूपमा आक्रमण गर्छन्। साना मृगहरू जस्ता कम जोखिमयुक्त शिकार तिनको प्राथमिकता हुने बताइन्छ। भारतभर रहेका करिब तीन हजार ब्वाँसोमध्ये धेरैजसो संरक्षित क्षेत्र बाहिर, मानिसहरूको बस्ती नजिकै बसोबास गर्छन्। 'प्लेन्स वुल्फ' भनेर चिनिने यी जनावरहरू हिमालयन वुल्फभन्दा साना हुन्छन् तथा कहिलेकाहीँ स्यालसँग भ्रमित हुन सक्ने अधिकारीहरूको भनाइ छ।

स्थानीय बासिन्दाहरू अझै त्रसित अवस्थामा दैनिक जीवन बिताइरहेका छन्। "हाम्रा छोराछोरी घरभित्र पनि सुरक्षित छैनन्", एक बासिन्दाले भने, "हामीलाई सबैभन्दा ठूलो चाहना यही हो कि यी आक्रमणहरू रोकिऊन् र हामीलाई सामान्य जीवन फर्किन दिनुहोस।"

# आर्थिक–सामाजिक सुधारविना परिवर्तन असम्भव : अध्यक्ष यादव

**दैनिक समाचारदाता**
**धनुषा, १४ मंसिर ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले देशमा राजनीतिक परिवर्तन भइरहे पनि जनताको अर्थिक तथा समाजिक सुधार नभएकाले पटकपटक समस्या आइरहेको बताएका छन् ।

शनिबार जनकपुरमा दलित, पिछडावर्ग, थारू आदिवासी र अल्पसङ्ख्यक (डोटिम) परिसङ्घको धनुषा जिल्लास्तरीय बृहत् अन्तरक्रियामा उनले आर्थिक, सामाजिक परिवर्तनविना राजनीतिक परिवर्तनले मात्र मुलुक समृद्ध हुन नसक्ने धारणा राखे ।

अध्यक्ष यादवले अबको क्रान्ति आर्थिक र सामाजिक रुपान्तरणका लागि हुनुपर्ने उल्लेख गर्दै त्यसका लागि डोटिम परिसङ्घ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए । "समाजको पिँधमा रहेका वर्ग र समुदायको अवस्थामा परिवर्तन नभएसम्म राजनीतिक परिवर्तनको कुनै अर्थ नहुने रहेछ । समाजमा रहेको विकृति विसङ्गतिको अन्त्य र आर्थिक सामाजिक रुपान्तरणले मात्रै लोकतन्त्रलाई बलियो बनाउँछ", उनको भनाइ थियो ।

उनले दलित, पिछडावर्ग, अल्पसङ्ख्यकहरू छुट्टाछुट्टै लडेर समानताको अधिकार पाउन नसक्ने भन्दै एकजुट भएर लड्नका लागि अपिल गरे ।

डोटिम परिसङ्घका केन्द्रीय संयोजक चन्देश्वर पासवानको अध्यक्षतामा भएको कार्यक्रममा परिसङ्घका सल्लाहकार डा पिके ठाकुरले डोटिम स्थापनाको उद्देश्य र आगामी कार्यदिशाबारे आफ्नो विचार प्रस्तुत गरेका थिए ।

# कुनै धर्म वा समुदायलाई होच्याउने मेरो आशय र नियत होइन : प्रधानमन्त्री

काठमाडौं, १४ मङ्सिर (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले कुनै पनि धर्म वा समुदायलाई होच्याउने आफ्नो आशय र नियत नभएको बताउनुभएको छ ।

सामाजिक सञ्जाल (फेसबुक)मार्फत लैङ्गिक हिंसाविरुद्धको १६दिने अभियान शुभारम्भ गर्नेक्रममा व्यक्त गरिएको अभिव्यक्तिलाई लिएर विभिन्न पक्षबाट भइरहेका टीकाटिप्पणीका सन्दर्भमा प्रधानमन्त्री कार्कीले भन्नुभयो, "कुनै पनि धर्म वा समुदायलाई होच्याउने मेरो आशय र नियत होइन, छैन ।"

प्रधानमन्त्री कार्कीले सबै धर्मप्रति आफ्नो उत्तिकै सम्मान रहेको स्पष्ट गर्दै विद्यमान विषम परिस्थितिमा शान्ति, सद्भाव र सहिष्णुता कायम राख्ने अभियानमा साथ दिन सम्पूर्ण देशवासीसँग अनुरोध पनि गर्नुभएको छ ।

## सात वर्षीया ...

छोपी बलात्कार गरेर भाग्दै गरेको अवस्थामा स्थानीयले पक्राउ गरी प्रहरीलाई जिम्मा लगाएको जनाइएको छ ।

पीडित बालिकाको प्रादेशिक अस्पताल जनकपुरधाममा स्वास्थ्य परीक्षण गरिएको र आरोपीलाई हिरासतमा लिई अनुसन्धान अघि बढाएको इलाका प्रहरी कार्यालयका प्रमुख, प्रहरी निरीक्षक राजाराम यादवले जानकारी दिए ।

# रास्वपा र विवेकशील साझाबीच पार्टी एकता

काठमाडौं, १४ मङ्सिर (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टीबीच एकता भएको छ । आइतबार औपचारिक रुपमा काठमाडौंस्थित राष्ट्रियसभा गृहमा आयोजित कार्यक्रममार्फत दुवै दलका शीर्ष नेताले एकता घोषणापत्रमा हस्ताक्षर गर्नुभयो ।

रास्वपातर्फबाट कार्यबाहक पार्टी सभापति डोलप्रसाद अर्याल र उपसभापति एवम् उच्च संवाद समितिका संयोजक डा स्वर्णिम वाग्ले तथा विवेकशील साझाका अध्यक्ष समीक्षा बास्कोटा र सो पार्टीका उपाध्यक्ष एवम् राजनीतिक संवाद समितिका संयोजक प्रकाशचन्द्र परियारले एकतापत्रमा हस्ताक्षर गर्नुभयो । वैकल्पिक राजनीति, पारदर्शिता र सुशासनको अभियानलाई थप मजबुत बनाउन एकता महत्वपूर्ण हुने उहाँहरुको भनाइ छ ।

उहाँहरुबीच पाँच बुँदे सहमति पनि भएको छ । सहमतिमा राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक सिद्धान्त र नेतृत्व निःशर्त स्वीकार्दै निष्ठा र मूल्य मान्यतामा आधारित वैकल्पिक राजनीतिकको प्रवर्द्धनमा स्वर्गीय उज्जवल थापा एवम् विवेकशील अभियानको योगदानलाई दस्तावेजीकरण गरी मान्यता दिने उल्लेख छ ।

"रास्वपाको पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशनसम्म लागि बनाइएको विशेष संयन्त्र संघीय नेतृत्व मञ्चमा विवेकशील साझा पार्टीबाट एकीकरणको प्रक्रियाबाट आउने नेताहरुलाई आपसी समझदारीमा मनोनयन गर्ने, मञ्चका सदस्यहरुको वरियता केन्द्रीय समितिको सदस्य रहने, विवेकशील साझा पार्टीका सदस्य र सल्लाहकारहरुलाई केन्द्रीय, प्रदेशिक र स्थानीय तहगत संरचनामा समुचित समायोजन गरी तोक्दा योग्यता, समावेशिताको सिद्धान्त र सार्वजनिक छविलाई आधार मानिनेछ", सहमति पत्रमा भनिएको छ ।

साथै एकीकरणपछि दलको नाम राष्ट्रिय स्वतन्त्र पार्टी र चुनाव चिन्ह घण्टी रहने वार्ता समिति उपसंयोजक शिशिर खनालले जानकारी दिनुभयो । घोषणा कार्यक्रममा दुवै दलका नेता, कार्यकर्ताको उपस्थिति थियो ।

**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज,सप्तरी**
**मधेश प्रदेश,नेपाल**

**सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सुचना**

**तेस्रो पटक प्रकाशित मिति २०८२/०८/१५**

राजविराज नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, राजविराजले स्थानिय सरकार सञ्चालन ऐन,२०७४,राजविराज नगर कार्यपालिकाको निर्णय गरेको दररेटको आधारमा ठेक्का बढावढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्न रितपुर्वक देहाय बमोजिमका तेस्रो पटक ७ (सात) दिने सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

| सि.न. | बोलपत्र नं. | बोलपत्रको नाम | न्युनतम कबोल अंक( मु.अ.का.बाहेक रु.) | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति,समय र स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १. | RMUN/01-2082/083 | हटिया गुद्डी बैठकी बट्टी ठेक्का असुल तहसिल ठेक्का सम्झौता मिति देखि २०८३ असाढ सम्म | ४०,००,०००। | कबोल रकमको ५ प्रतिशत | ३,०००। | २०८२/०८/२१ गते सम्म कार्यालय समय भित्र | २०८२/०८/२२ दिउँसो १२:०० बजे सम्म | २०८२/०८/२२ गते दिउँसो २:०० बजे राजविराज नगरपालिका कार्यालय |

१. बोलपत्रदानाले बोलपत्र फाम्महरु हालेको राजश्व शाखा मार्फत मात्र खरिद र दर्ता गर्न सक्नेछन् ।

२. थप जानकारी को लागि वेबसाइट www.rajbirajmun.gov.np मा राखिएको छ । अथवा जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

३. बोलपत्र सम्वन्धि सम्पुर्ण प्रकृया सार्वजनिक खरिद ऐन,२०६३ नियमावली २०६४ लगायत अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**राजविराज नगरपालिका**
**७ नं. वडा कार्यालय**
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३
च.नं. ४४३
मिति:- २०८२/०८/१४

**राजविराज नगरपालिका**

**०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना**

जिल्ला ससरी राजविराज नगरपालिका वडा नं ०६ हाल राजविराज नगरपालिका वडा नं.०७ बस्ने स्व.सुर्य नारायण लाल देवको बुहारी स्व. रोसन कुमार देवको पत्नी अर्चना कुमारी देव यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो पती रोसन कुमार देवको मिति २०८२/०२/१५ गते आफ्नै कालगतीले स्वर्गवास भएको हुनाले निजको म एक मात्र धंम पत्नी अर्चना कुमारी देव भएकोले मेरो पती स्व. रोसन कुमार देवको नाउमा कायम रहेको तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाउ भनी मिति २०८२।०८।१२ गते मा दं. नं. ३७२ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा निबेदीका वाहेक अरु कोही कसैको हक दावी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित लिई यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारीको लागी अनुरोध छ ।

**तपसिल**

स्व.रोसन कुमार देव को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | राजविराज | ०६ | १९५८ | ०-०-५.७५ | |
| २ | सप्तरी | राजविराज | ०६ | १९६० | ०-०-४ | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष
सुभाष चन्द्र यादव
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-७

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*